केशव प्रसाद विमली
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

**कार्यपालिका बैठक संख्या :- ६४**
**बैठक मिति :- २०७६।०७।०५**

<u>निर्णय नं. १</u>

यस उपमहानगरपालिका, नगर कार्यपालिकाको बैठक कक्ष साँस्कृतिक भवनको सबै भन्दा माथिल्लो तलामा रहेकोमा बैठक बस्दा सुविधा हिसावले अव्यवस्थित भएको हुँदा उक्त कार्यपालिका बैठक स्थान सोही भवनको एकतला मुनि आधुनिक तथा सुविधा सम्पन्न हुने गरी निर्माण गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. २</u>

आ.ब.२०७६।०७७ का लागि संघीय सरकार समक्ष समपुरक अनुदान माग गर्न देहायका योजना तथा कार्यक्रमहरु राष्ट्रिय योजना आयोगमा पेश गर्न स्वीकृती दिने निर्णय गरियो ।

| क्र. सं. | योजनाको नाम | योजनाको प्रकार | वडा नं. | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | कालोपत्रे सडक निर्माण | टावर-मसहरी टोल-आमजुङ्गी पूर्व-बुढि खोला रोड ११ श्रोत बाटो-छोटी पुल आमजुङ्गी सडक | १०/११ | ८,६४,७७,७३२।१५ | |
| २ | कालोपत्रे सडक निर्माण | कान्छी चोक-बडहरा-डकाहा-पटेर्वा अमाह-मौलिया-जन सहयोग स्कुल रोड | १८/१९/२० | ६,७१,२१,९९०।६४ | |
| ३ | भवन निर्माण | नगर कार्यपालिकाको प्रशासनिक भवन | ४ | २३,१८,२४,४२९।९५ | |
| ४ | पुल निर्माण | स्मार्ट पार्किङ्ग पुल | ४ | १३,००,००,०००। | स्मार्ट पार्किङ्ग निर्माणका लागि ऋण लिने प्रकृया समेत अगाडी वढाउने । |

<u>निर्णय नं. ३</u>

यस उपमहानगरपालिकाबाट संकलन हुने कर तथा राजश्व सुधारका लागि योजना प्रस्ताव तयार गरी नगर कार्यपालिका समक्ष पेश गर्न देहाय अनुसारको एक समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक :- उप प्रमुख श्री लक्ष्मी गौतम
सदस्य :- ४ नं. वडाध्यक्ष श्री चन्द्र प्रसाद भट्टराई
सदस्य :- ६ नं. वडाध्यक्ष श्री दिपक गौतम
सदस्य :- ९ नं. वडाध्यक्ष श्री भुपेन्द्र बराल
सदस्य :- २० नं. वडाध्यक्ष श्री मणिराम श्रेष्ठ
सदस्य सचिव :- अधिकृत सातौं श्री सविना खतिवडा

**निर्णय नं.४**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, तराई मधेस सम्बृद्धि कार्यक्रम, केन्द्रिय समन्वय इकाई, सिंहदरबार, काठमाण्डौंको च.नं. २५ मिति २०७६।०५।२४ को प्राप्त पत्रानुसार यस उपमहानगरपालिका अन्तर्गतका देहाय बमोजिमका योजनाहरु स्वीकृत भई आएकोमा उक्त योजनाहरुको लागत सहभागिता भैपरि आउने पूँजिगत शिर्षकबाट १०% (दश प्रतिशत) व्यर्होने निर्णय गरियो ।

| क्र. सं. | आयोजना/कार्यक्रमको विवरण | केन्द्रिय अनुदान | उपमहानगरपालिका बाट व्यर्होने रकम | कैफियत |
| --- | --- | --- | --- | --- |
| १ | मुसहर बस्ती सामुहिक आवास भवन निर्माण परेली वडा नं. १६/१७ | ७०,००,०००।- | ७,००,०००।- | |
| २ | हकाहा खोला तटबन्ध निर्माण वडा नं. १६/१७/१९ | २५,००,०००।- | २,५०,०००।- | |

माथि उल्लेखित स्वीकृत कार्यक्रम सि.नं. १ को मुसहर बस्ती सामुहिक आवास भवन निर्माण यस उपमहानगरपालिकाको वडा नं. १६ मा बनाउने समेत निर्णय गरियो । साथै सि.नं. २ को हकाहा खोला तटबन्ध निर्माण वडा नं. १६/१७/१९ भएकोमा १९ नं. वडामा हकाहा खोला नभएकोले वडा नं. १६/१७ र १८ हुने गरी ठेगाना संशोधनको लागि समेत सिफारीस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौंबाट यस उपमहानगरपालिकाका लागि हस्तान्तरण भई आएको बा.२.झ १४४० नं. को (स्कोरपियो) सवारी साधन मर्मत गरी संचालन गर्ने र उक्त मर्मत गर्दा लाग्ने खर्च सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) (क) बमोजिम कोटेशन मार्फत सवारी साधन मर्मत खर्च शिर्षकबाट व्यर्होने स्वीकृती दिने निर्णय गरियो।

**निर्णय नं. ६**

इटहरी उपमहानगरपालिकाद्धारा आ ब २०७६।०७७ का लागि सरकारी ठेक्का वन्दोवस्त ऐन २०२० आर्थिक ऐन २०७६ को दफा २० को उपदफा ५ तथा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५९ अनुसार आन्तरिक आयहरु ठेक्काद्धारा बन्दोवस्त गर्नु पर्ने भएकोले मिति २०७६।४।२१ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित सुचना अनुसार साप्ताहिक आइतवारे बुधवारे हाटकर इटहरी:-९ ठेक्का नं ३ को लागि बोलपत्र प्राप्त भएको र नियमानुसार ती बोलपत्रहरु खोलि मिति २०७६।५।०९ गते मुल्यांकन समितिलाई मुल्यांकन गर्न दिएकोमा मिति २०७६।५।१७ गतेको मुल्यांकन समितिको निर्णय अनुसार सारभुत रुपमा प्रभावग्राहि सबै भन्दा वढी रु ४४,८९,५५५। (चौवालिस लाख उनाब्बे हजार पाँचसय पचपन्न) भ्याट बाहेक अंक कबोल गर्ने श्री छिन्ताङ्गदेवी कन्स्ट्रक्सन इटहरी ६ लाई २०७६।५।२२ मा कार्यपालिकाको निर्णयले स्विकृत गरि मिति २०७६।०५।२९ मा च नं ६६८ बाट पत्राचार गरि संझौता गर्न आउने भनी जानकारी गराएकोमा मिति २०७६।०६।११ गते सम्म ९ नं. वडा कार्यालयबाट कर संकलन गरिएकोले श्री छिन्ताङ्गदेवी कन्स्ट्रक्सन इटहरी -६ ले कबोल गरेको अंकमा एकमुष्ठ रकम जम्मा गर्दा १० प्रतिशत रकम रु ३,५८,३०१। र २०७६।०६।११ गते सम्ममा हुने २१

हप्ताको कबोल अंकमा दामासाहिले हुने रकम रु ९,०६,५४४।८ घटाइ रु ३४,३४,३१५। रु चौतिस लाख चौतिस हजार तिनसय पन्ध्र दाखिला गरी कबोल अंकमा एकमुष्ठ रकम जम्मा गरिसकेकोले श्री छिन्ताङ्गदेवी कन्स्ट्रक्सन इटहरी -६ सँग सम्झौता गरी ठेक्का संचालन गर्न दिने लाई मिति २०७६।६।१२ गते देखि ठेक्का संचालन गर्न दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

इटहरी उपमहानगरपालिकाद्धारा आ ब २०७६।०७७ का लागि सरकारी ठेक्का वन्दोवस्त ऐन, २०२० आर्थिक ऐन, २०७६ को दफा २० को उपदफा ५ तथा स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५९ अनुसार आन्तरिक आयहरु ठेक्काद्धारा बन्दोवस्त गर्नु पर्ने भएकोले मिति २०७६।०४।०७ मा साप्ताहिक सनिवारे हाटकर वडा नं ११ र १२ ठेक्का लगाउन दोश्रो पटक सूचना प्रकाशन भएको र नियमानुसार मिति २०७६।०५।२२ को नगरकार्यपालिकाको निर्णयानुसार श्री न्यु कोशी कन्स्ट्रक्सन बक्लौरी-७ लाई रु १८,५०,०००। (अठार लाख पचास हजार) भ्याट बाहेकमा दिने निर्णय भएकोमा मिति २०७६।०५।२९ च नं ६३६ मा पत्राचार गरिएकोमा उक्त फर्मले २०७६।०५।३१ गते प्रथम किस्ता वापतको रकम रु ५,४३,१००। बुझाई मिति २०७६।०६।१० गते बैंक ग्यारेन्टी पेश गर्न समय माग गरी निवेदन दिएकोले उक्त बैंक ग्यारेण्टी पेश गर्न मिति २०७६।०६।१० गते देखि लागू हुने गरी मिति २०७६।०७।०९ गते सम्म एक १ महिनाको समय प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

देहाय बमोजिमका योजनाहरुको म्याद थप तथा क्रमागत योजनाका लागि भुक्तानी गर्न बिनियोजन भएको खर्च शिर्षकबाट भुक्तानी गर्ने गरी भुक्तानी दायित्व स्वीकृत गर्ने निर्णय गरियो ।

**१. म्याद थप गर्ने योजनाहरु**

| क्र. सं. | योजनाको नाम र ठेगाना | सम्झौता मिति | सम्पन्न गर्नु पर्ने मिति | म्याद थप भएको मिति | बिनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | टावर देखि मनमोहन स्कुल जाने बाटो कालोपत्रे इटहरी १० | २०७५।१०।१५ | २०७६।०१।३० | २०७६ कार्तिक मसान्त | २५,००,०००। | |
| २ | गोहबर मन्दिर निर्माण कार्य इटहरी १४ | २०७६।०२।१२ | २०७६।०३।२० | २०७६ कार्तिक मसान्त | ५०,०००। | |
| ३ | राधा कृष्ण मन्दिर उत्तर पकली मा.वि. सम्म ड्रेन निर्माण इटहरी १ | २०७६।०२।१२ | २०७६।०३।०७ | २०७६ कार्तिक मसान्त | २,००,०००। | |

केशव प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी, नेपाल
प्रदेश नं.१, सुनसरी,
स्था. २०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | राधा कृष्ण मन्दिर निर्माण कार्य नरभाषा इटहरी १४ | २०७५।१२।१२ | २०७६।०२।१२ | २०७६ कार्तिक मसान्त | १,००,०००। | |
| ५ | गणेश मार्ग पश्चिमको बाटो प्रोटेक्सनवाल र कालोपत्रे निर्माण इटहरी १३ | २०७६।०१।३० | २०७६।०३।१५ | २०७६ कार्तिक २४ | १७,२२,६८१।७८ (मु.अ.कर बाहेक) | |

**२. गत आ.ब.को भुक्तानी गर्ने योजना**

| क्र.सं. | योजनाको नाम | सम्झौता मिति | सम्पन्न मिति | न.पा.को कुल अनुदान (रु.) | भुक्तानी हुन बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कालु चौधरीको घर अगाडीको इनार जाने बाटो इन्टरलक टायल्स लगाउने कार्य र ड्रेन निर्माण इटहरी ५ | २०७५।१२।१२ | २०७६।०३।२५ | ४,००,०००। | १,९४,५५५।७९ | |

**निर्णय नं. ९**

इटहरी उपमहानगरपालिकाबाट एक थान एम्बुलेन्स खरिद गरी रेडक्रस शाखा इटहरीलाई हस्तान्तरण गर्ने, एक थान एम्बुलेन्स खरिद गरी इटहरी अस्पताललाई हस्तान्तरण गर्ने र पकली स्वास्थ्य चौकीको नाममा रहेको एम्बुलेन्स मर्मत सम्भार गरी संचालन हुन सक्ने भएमा मर्मत सम्भार गरी संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा कार्यरत साविक देखि कामकाज गर्दै आएका देहाय अनुसारका कर्मचारीहरुलाई चालु आ.ब.मा मिति २०७६ श्रावण देखि २०७६ पौष मसान्त सम्म काममा लगाउने निर्णय गरियो ।

| क्र.सं. | कर्मचारीको नाम, थर | पद | मासिक/दैनिक ज्यालादारी | कैफियत |
|---|---|---|---|---|
| १ | मुकेश चौधरी | हलुका सवारी चालक | मासिक ज्यालादारी | |
| २ | फुमा रणपहेली | फूलमाली | मासिक ज्यालादारी | |
| ३ | चाउरे राई | फूलमाली | मासिक ज्यालादारी | |
| ४ | दिप प्रकाश राई | फूलमाली | मासिक ज्यालादारी | |
| ५ | हेम कुमार राई | जे.सि.वि.हेल्पर | मासिक ज्यालादारी | |

| | | | | |
|---|---|---|---|---|
| ६ | अच्युत भट्टराई | सफाई कर्मचारी | मासिक ज्यालादारी | |
| ७ | विष्णु चौधरी | हलुका सवारी चालक | दैनिक ज्यालादारी | |
| ८ | कृष्ण चौधरी | सवारी हेल्पर | दैनिक ज्यालादारी | |
| ९ | अशोक कुमार थामी | हलुका सवारी चालक | दैनिक ज्यालादारी | |
| १० | विशाल राई | सवारी हेल्पर | दैनिक ज्यालादारी | |
| ११ | विनोद चौधरी | सवारी हेल्पर | दैनिक ज्यालादारी | |
| १२ | पवन डुम | सवारी हेल्पर | दैनिक ज्यालादारी | |
| १३ | दिपेन्द्र खतिवडा | सफाई कर्मचारी | दैनिक ज्यालादारी | |
| १४ | दुर्गा आचार्य | नर्सरी नाईके | दैनिक ज्यालादारी | |
| १५ | प्रमोद मल्लिक | सफाई कर्मचारी | दैनिक ज्यालादारी | इटहरी अस्पताल |
| १६ | विमला क्षेत्री | फूलमाली | दैनिक ज्यालादारी | इटहरी अस्पताल |

## निर्णय नं. ११

आ.व. २०७६।०७७ मा आन्तरिक श्रोत तर्फ स्वास्थ्य विकास कार्यक्रम अन्तर्गत बार्षिक स्वीकृत कार्यक्रम अनुसार इटहरी अस्पताल, शहरी स्वास्थ्य केन्द्रहरु र स्वास्थ्य चौकीहरुमा औषधी खरिदको लागि बिनियोजन भएको रकम रु.१२,५०,०००।- (बाह्र लाख पचास हजार) लाई देहाय अनुसार शिर्षकमा रकम बाँडफाँड गरी कार्यक्रम संचालन गर्न स्वीकृती दिने निर्णय गरियो ।

**देहाय**

| क्र.सं. | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | अत्यावश्यक तथा निःशुल्क औषधी खरिद | ४,५०,०००।- | |
| २ | रेडियोलोजिकल डिभाईसेस तथा रसायन | ३,००,०००।- | |
| ३ | ल्याब रिएजेन्ट, केमिकल तथा सामाग्रीहरु | ५,००,०००।- | |
| | **कुल जम्मा** | **१२,५०,०००।-** | |

## निर्णय नं. १२

मिति २०७६।०३।०३ गते वसेको कार्यपालिका वैठक निर्णय नं. ३ मा नेपाल पत्रकार महासंघको ठेगाना नेपाल पत्रकार महासंघ, सुनसरी शाखा हुनु पर्नेमा नेपाल पत्रकार महासंघ, इटहरी शाखा भएकोले संसोधन गर्ने निर्णय गरियो ।